# स्थानीय राजपत्र


## सूर्यविनायक नगरपालिकाद्धारा प्रकाशित

खण्ड ७) कटुञ्जे, भक्तपुर, कार्तिक ११ गते, २०८१ साल (संख्या ०७


## भाग २

स्थानीय सरकार

## सूर्यविनायक नगरपालिका

कटुञ्जे, भक्तपुर, बागमती प्रदेश, नेपाल

### सूर्यविनायक नगरपालिका नगरकार्यपालिकाको कार्यालयको सूचना

सूर्यविनायक नगरपालिका नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको सूर्यविनायक नगरपालिकाको अटो, ईलेक्टिक रिक्सा तथा टेम्पो रुट इजाजत सम्बन्धी कार्यविधि, २०८१ सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**सम्वत् २०८१ सालको कार्यविधि नं. २**

# यक नगरपालिकाको अटो, ईलेक्टिक रिक्सा तथा टेम्पो सञ्चालन, व्यवस्थापन तथा निगमन सम्बन्धी कार्यविधि, २०८१

# सूर्यविनायक नगरपालिकाको अटो, ईलेक्टिक रिक्सा तथा टेम्पो सञ्चालन, व्यवस्थापन तथा निगमन सम्बन्धी कार्यविधि, २०८१

प्रस्तावनाः

सूर्यविनायक नगरपालिकामा सञ्चालन हुने अटो तथा ई. रिक्साहरुलाई व्यवस्थापन गरी नगरको आवश्यकता, ट्राफिक व्यवस्थापनमा सहजता, बजार व्यवस्थापन गर्न तथा सवारी यात्रु, सवारी चालक, सवारी धनीहरुको हीत प्रवर्द्धन गर्दै स्थानीय यातायात सुरक्षा र नियमन गर्न आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (ट) ले प्रदान गरेको अधिकार कार्यान्वयन गर्न र सोही ऐनको दफा ११ को उपदफा ४ (ट) बमोजिम सघ तथा प्रदेश कानुन बनी अन्यथा व्यवस्था भएमा सोही बमोजिम हुने गरी हाल उल्लेखित व्यवस्था कार्यान्वयन गरी नगर क्षेत्रमा चल्ने अटो तथा ई रिक्साको दर्ता, अनुमति, नवीकरण र नियमनको व्यवस्था गरी नगर क्षेत्रलाई आवश्यक अटो तथा ई. रिक्साहरुको संख्या निर्धारण, रुट निर्धारण, भाडा दर निर्धारण तथा नियमन जस्ता कार्यलाई व्यवस्थित गर्दै वैकल्पिक तथा नवीकरणीय ऊर्जाबाट चल्ने सवारी साधनलाई प्रबर्द्धन गर्दै यातायात सुरक्षालाई भरपर्दो र विश्वसनीय बनाउन आवश्यक देखिएको हुँदा सूर्यविनायक नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ बमोजिम सूर्यविनायक नगरकार्यपालिकाको मिति २०८१/०७/६ गतेको बैठकको निर्णयबाट यो कार्यविधि स्वीकृत भई लागू गरिएको छ।

## परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** यो कार्यविधिको नाम "सूर्यविनायक नगरपालिकाको अटो तथा ईलेक्ट्रिक रिक्सा सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि, २०८१" रहेको छ।

**२. प्रारम्भः** यो कार्यविधि सूर्यविनायक नगरपालिकाको नगर कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित गरेको मितिदेखि प्रारम्भ हुनेछ।

**३. परिभाषाः   विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**

(क) **"प्रमुख"** भन्नाले सूर्यविनायक नगरपालिकाको नगरप्रमुखलाई सम्झनु पर्छ।
(ख) **"उप प्रमुख"** भन्नाले सूर्यविनायक नगरपालिकाको उप प्रमुखलाई सम्झनुपर्छ।
(ग) **"ईलेक्ट्रिक रिक्सा "** भन्नाले पेट्रोलियम पदार्थ बिना विद्युत, सौर्य उर्जा वा नवीकरणीय ऊर्जा बाट चार्ज हुने रिक्सालाई सम्झनु पर्छ।
(घ) **"कार्यपालिका"** भन्नाले सूर्यविनायक नगरकार्यपालिकालाई सम्झनु पर्छ।
(ङ) **"कार्यविधि"** भन्नाले सूर्यविनायक नगरपालिकाको अटो तथा ईलेक्ट्रिक रिक्सा सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि, २०८१ भन्ने सम्झनु पर्छ।

(च) **नगरपालिका"** भन्नाले सूर्यविनायक नगरपालिकालाई सम्झनु पर्छ।

(छ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले सूर्यविनायक नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(ज) **"रुट"** भन्नाले सूर्यविनायक नगरपालिका क्षेत्र भित्र अटो तथा ई. रिक्सा सञ्चालनको लागि तोकिदिएको निश्चित क्षेत्र भन्ने सम्झनु पर्छ।

(झ) भ) **"सवारी साधन"** भन्नाले अटो तथा ई. रिक्सालाई सम्झनु पर्छ।

(ञ) ञ). **"सचालन अनुमति"** भन्नाले सूर्यविनायक नगरपालिकाले रुट निर्धारण गरी नगरक्षेत्र भित्र सचालन गर्न अनुमति दिई सम्बन्धित यातायात कार्यालयमादर्ता भएका र दर्ताका लागि सिफारिस भएका विद्युतीय रिक्साको संचालन अनुमतिलाई सम्झनु पर्छ

(ट) ट.**"स्थानीय तह"** भन्नाले नेपालको सविधानको धारा ५६ को उपधारा ४ बमोजिम गठित गाउँपालिका, नगरपालिका र जिल्ला सभा सम्झनु पर्छ।

(ठ) ***"सवारी"*** भन्नाले सूर्यविनायक नगरपालिकाको अटो, ईलेक्टिक रिक्सा तथा टेम्पो एवं हलुका सामाग्री ढुवानी गर्ने तथा यात्रु वाहक तीन पाङ्ग्रे सवारी साधन सम्झनु पर्दछ।

## परिच्छेद-२

### व्यवस्थापन समिति गठन सम्बन्धी व्यवस्था

**४ अटो तथा ई. रिक्सा व्यवस्थापन समितिको गठनः**

१) नगरपालिका क्षेत्र भित्र अटो तथा ई. रिक्सा संचालनलाई व्यवस्थित र सुरक्षित गर्न र आवश्यक मार्गदर्शन गर्न नगरपालिकामा देहाय अनुसारको अटो तथा ई.रिक्सा व्यवस्थापन समिति रहनेछः

| | |
|---|---|
| (क) नगर प्रमुख | - अध्यक्ष |
| (ख) नगरउप प्रमुख | - सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (घ) नगरपालिकास्तरीय आर्थिक विकास समिति संयोजक | - सदस्य |
| (ङ) नगरपालिका क्षेत्र भित्रको ट्राफिक प्रहरी कार्यालयको प्रमुख | - सदस्य |
| (च) अटो व्यवसायीहरुमध्येबाट नगर प्रमुखबाट मनोनीत १ जना | - सदस्य |
| (छ) नगरपालिकाको राजश्व शाखा प्रमुख | - सदस्य |
| (ज) नगरपालिकाको उद्योग व्यवसाय दर्ता तथा नियमन शाखा प्रमुख | - सदस्य |
| (झ) नगर यातायात व्यवस्था तथा नियमन सम्बन्धी विषय हेर्ने शाखा प्रमुख | - सदस्य सचिव |

(२) दफा ४ (१) बमोजिम गठित समितिको बैठक आवश्यकता अनुसार बस्नेछ। बैठक अध्यक्षको आदेशले सदस्य सचिवले बोलाउनेछ। आवश्यकता अनुसार विषय क्षेत्रसंग सम्बन्धित व्यक्ति तथा पदाधिकारीहरुलाई आमन्त्रित गर्न सकिने छ।

## परिच्छेद-३

## व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था

**५. अटो तथा ई. रिक्सा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः**

(क) नगरपालिका क्षेत्र भित्र अटो तथा ई. रिक्सा सचालनलाई व्यवस्थित गर्न आवश्यक मार्गदर्शन गर्ने।

(ख) अटो तथा ई. रिक्सा पार्किङ स्थल तोक्ने।

(ग) अटो तथा ई. रिक्साको स्थान र दूरी अनुसारको वैज्ञानिक भाडादर निर्धारण गर्नसहजीकरण गर्ने।

(घ) नगरपालिका भित्र दर्ता भईसंचालन हुने अटो तथा ई. रिक्साको सख्या निर्धारण गर्न सहजीकरण गर्ने।

(ङ) सेवा क्षेत्र निर्धारण तथा क्लस्टर अनुसारको अटो तथा ई. रिक्साको संख्या तोक्न सहजीकरण गर्ने।

(च) अटो तथा ई रिक्साको व्यवस्थापन एवं समन्वयमा सरोकारवालाहरुवीच विवाद समाधान गर्न आवश्यकसहजीकरण गर्ने।

(छ) आवश्यकता अनुसार अन्य नीतिगत कार्य गर्ने

## परिच्छेद-४

## अटो, ईलेक्ट्रिक रिक्सा तथा टेम्पो दर्ता सम्बन्धी व्यवस्था

**६. सवारी साधन दर्ता**गर्ननगरपालिकाबाट तोकिएको ढाँचामा सम्बन्धित संस्थाले आफै उपस्थित भई वा प्रतिनिधि मार्फत निम्न बमोजिम कागजात सहित नगर कार्यपालिकाको कार्यालयमा निवेदन दिनुपर्नेछ।

१) प्रत्येक अटो तथा ई.रिक्सा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ र सवारी कर ऐन, २०३१ लगायत प्रचलित नेपाल कानुन बमोजिम सम्बन्धित यातायात कार्यालयमा दर्ता एवंनवीकरणगरी नगर कार्यपालिकामा समेत दर्ता र नवीकरण हुनु पर्नेछ। दर्ता र नवीकरण प्रमाणपत्र अनुसूची -१ बमोजिमको ढाँचामा कार्यालयले उपलब्ध गराउनेछ।

(२) अटो तथा ई. रिक्सा दर्ता गर्दा निम्न कागजात पेश गर्नु पर्नेछ।

(क) यातायात कार्यालयमा दर्ता भएको प्रमाण पत्र।

(ख) सवारी कर चुक्ता र सवारी धनी प्रमाणपत्रको प्रतिलिपि।

(ग) नियमित सवारी जाँच गराएको प्रमाणपत्रको प्रतिलिपि।

(घ) सवारी प्रदूषण पासको प्रमाण।

(ङ) सवारीको भन्सार महशुल तिरेको प्रमाण।

(च) कम्पनीको हकमा व्यवसाय गर्न फर्म कम्पनीमा दर्ता भएको प्रमाण पत्र।

(छ) कम्पनीको हकमा आयकर दर्ताको कागजात र मुल्य अभिवृद्धि करमा दर्ता भएको पत्रको प्रतिलिपि।

(ज) सवारी साधनको इञ्जिन र च्यासिस नम्बर समेत स्पष्ट देखिने फोटो।

(ज) सवारी निरीक्षण प्रमाण पत्र।

(ञ) यात्रु र तेस्रो व्यक्ति विमाको कागजात।

(ट) वित्तीय संस्थावाट ऋण लगानी भई दर्ता हुने सवारी साधन हरुको हकमा वित्तीय संस्था दर्ता प्रमाणपत्र, कम्पनीको भए आयकररमूल्य अभिवृद्धि कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।

## परिच्छेद-५
## सञ्चालन अनुमति र रुट निर्धारण

**७. सञ्चालन अनुमति र रुट निर्धारण**

१.नगरपालिका क्षेत्र भित्र यस कार्यविधि तथायस कार्यविधिको दफा ४ (१) बमोजिमको समितिको सिफारिसमा नगर कार्यपालिकाको निर्णयले तोकि दिए बमोजिमको क्षेत्रमा संचालन हुने गरी एउटा कम्पनीले प्रथम पटक बढीमा २५ (पच्चीस) वटा सम्मको सख्यामा अटो तथा ई-रिक्सा, टेम्पो संचालन गर्न पाउने गरी प्रति अटो तथा सवारी दर्ता अनमती तथा रुट इजाजत पावतको शुल्क नगरपालिकाको प्रचलित आर्थिक ऐनले तोके बमोजिम नगर कार्यपालिकाको कार्यालयले अनुसूची १ को ढाँचामा सवारी दर्ता तथा संचालन अनुमति पत्र र अनुसूची २ को ढाँचामा रुट इजाजत पत्र जारी गर्नेछ (यसरी अनुमति लिंदा नगरकार्यपालिकाको कार्यालयले तोकिएको क्षेत्र बाहेक अन्य क्षेत्रमा सम्बन्धित निकायको अनुमति नलिई अटो, ई रिक्सा तथा टेम्पो सञ्चालन गर्न पाइने छैन। यसरी अनुमतिपत्र लिई अटो तथा इं. रिक्सा संचालन गर्ने कम्पनीको एक वर्ष अवधिमा सम्पादित कामको गुणस्तर हेरेर

नगर कार्यपालिकाको बैठकको निर्णय बमोजिम नगर कार्यपालिकाको कार्यालयले साविकको संख्यामा थप गरी संचालन गर्ने अनुमति दिन सक्नेछ ।

२. अनुसूची (२) मा उल्लेखित भाडा रुट अनुसार अटो तथा ई. रिक्सा संचालन हुनेछ । भाडा दर परिवर्तन गर्नुपर्ने अवस्था आएमा नगर कार्यपालिकाको निर्णयले समय सापेक्ष परिवर्तन गर्न सक्नेछ ।

३. अटो तथा ई.रिक्सा सञ्चालन अनुमति लिँदा निम्नानुसार कागजात पेश गर्नुपर्नेछ।

क) अनुसूची २ बमोजिम तोकिएको ढाँचाको निवेदनपत्र ।

ख) नवीकरण भएको सवारी प्रमाण पत्रको प्रतिलिपि ।

ग) सवारी जाँचपास प्रमाणपत्र ।

घ) सवारी चालक, यात्रु र तेस्रो पक्षको बिमा गरेको कागजातको प्रतिलिपि ।

ङ) माग भएको रुट खुलाउनु पर्ने ।

## परिच्छेद-६

## भाडादर सम्बन्धी व्यवस्था

**८. भाडादर सम्बन्धी व्यवस्था**

१. नगरपालिका भित्र संचालन हुने सवारीको अधिकतम यात्रु सवार भाडा दर सम्बन्धमा दफा ४ को समितिको बैठकबाट निर्धारण भए बमोजिम हुने छ । साथै समयानुकुल हुने गरी दररेट हेरफेर गर्ने अधिकार समेत उक्त समितिलाई हुने छ ।

## परिच्छेद-७

## नवीकरण सम्बन्धी व्यवस्था

**९. नवीकरण सम्बन्धी व्यवस्था**

(१) (क) अटो तथा ई रिक्साको संचालनअनुमति तथा रुट निर्धारण अनुमतिको अवधि १ वर्षको हुनेछ । म्याद समाप्त भएको मितिले ३० दिन भित्र प्रति सवारीको नविकरण शुल्क नगरपालिकाको प्रचलित आर्थिक ऐनले तोके बमोजिम शुल्क बुझाई सचालन अनुमति तथा रुट इजाजत पत्र नवीकरण गराई सक्नु पर्नेछ । संचालन अनुमति तथा रुट निर्धारण अनुमतिको शुरु म्याद समाप्त भएको मितिले ६० दिन सम्म नवीकरण शुल्कको १५ प्रतिशत

थप दस्तुर तिरी नवीकरण गर्न सकिनेछ र सो म्याद पनि समाप्त भई आएपछि प्रति अटो तथा इं रिक्साको नवीकरण शुल्कको थप ३० प्रतिशत जरिवाना लाग्नेछ । सचालन अनुमति तथा रुट निर्धारण अनुमतिको म्याद समाप्त भएको ३ महिना भित्रसम्म पनि नवीकरण नगरेको खन्डमा नगर कार्यपालिकाको कार्यालयले यसरी नवीकरण नगर्ने अटो तथा ई रिक्साको संचालन अनुमति तथा रुट निर्धारण अनुमति रद्द गरी सञ्चालनमा रोक लगाउन सक्नेछ ।

(ख) अटो तथा ई रिक्साको नवीकरण गर्न कुनै निकायबाट रोक्का नभएको हुनुपर्नेछ ।

(ग) अनुमतिपत्र नवीकरण गर्दा विमा वा जाँचपास अवधिले नभ्याउने भएमा जुन अवधि पहिला सकिन्छ । सो उल्लेख गरी नवीकरण गरिदिने र पछि उक्त कागजात लिई आएमा बाँकी रहेको अवधिको सोही दस्तुरको आधारमा नवीकरण गरिदिन सकिनेछ

(२) नवीकरण गर्दा निम्न कागजातहरु पेश गर्नुपर्नेछ ।

(क) नवीकरण गरी पाऊँ भन्ने व्यहोराको निवेदन ।

ख) प्रचलित नियमबमोजिम प्रदूषण मापन भई प्रदूषण मापदण्ड भित्र परेको प्रमाण कागजात ।

(ग) दर्ता गर्दा वा अघिल्लो आ.व.मा नवीकरण गर्दा बुझाएको सवारी करको रसिदको प्रतिलिपि ।

(घ) सवारी जांच प्रमाण पत्र ।

(ङ) तेस्रो पक्ष बीमा गरेको कागजात ।

(३) देहायको अवस्थामा सवारी साधनकोदर्ता वा नवीकरण खारेज गर्न सकिनेछ ।

(क) नियम अनुसार प्रदूषण मापदण्ड पूरा नगरेको ।

(ख) कार्यालयबाट सवारी साधन जाँच गर्दा मेशिनरी वा पार्टपुर्जा लगायत बिग्रिएर प्राविधिक रुपमा सवारी संचालन गर्न उपयुक्त नदेखिएको अवस्था भएमा ।

(ग) तीन महिना भन्दा बढी समय सम्म नवीकरण नगरेको अवस्था भएमा ।

## परिच्छेद - ८
## सवारी चालकको आचरण सम्बन्धी व्यवस्था

**१०. सवारी चालकको आचरण सम्बन्धी व्यवस्था**

१) सवारी चालकले अनिवार्य रुपमा पालना गर्नु पर्ने आचरणहरुः

(क) प्रचलित ट्राफिक नियमको पूर्ण पालना गर्दै सवारी चालक अनुमतिपत्र, सवारी दर्ता किताब र  बाटो इजाजत पत्र साथमा लिएर मात्र सवारी चलाउनुपर्नेछ ।

(ख) बिमा नवीकरण गरेको प्रमाणपत्र साथमा राखी सवारी चलाउनु पर्ने छ  ।

(ग) अटो तथा ई (रिक्साको यान्त्रिक अवस्था ठीक भए नभएको जाँच गरेर मात्र सवारी साधन चलाउनुपर्ने छ । तोकिएको भार क्षमता र गतिमा मात्र सवारी चलाउनु पर्नेछ।

(घ) मादक पदार्थ तथा लागू औषध सेवन गरी सवारी चलाउन पाईने छैन । साथै प्रतिबन्धित मालसमान तथा चिज वस्तु समेत ओसार पसार गर्न पाईने छैन ।

(ङ) चालकले सवारी चलाउँदा मोबाईल फोन प्रयोग र ठूलो आवाजमा गीत संगीत बजाएर सवारी चलाउन पाईने छैन र सडकमा ध्यान केन्द्रित गरेर सुरक्षित साथ सवारी चलाउनु पर्नेछ ।

(च) लेन अनुशासनको पालना गर्नुपर्ने छ । अटो तथा ई (रिक्साको अगाडीको भाग चालकको दायाँ बायाँ यात्रु तथा मालसमान राख्न पाईने   छैन । साथै सवारीको बाहिरी भागमा मालसमान तथा यात्रु राख्न र झुन्ड्याउन पाईने छैन।

(छ) सामाजिक सद्भभाव र सडक सुरक्षामा ध्यान दिदै यात्रुमैत्री व्यवहार गर्नु पर्नेछ, साथै अशक्त वृद्ध तथा बालबालिकालाई विशेष ध्यान पुर्याउनु पर्नेछ ।

(ज) सडकमा जथाभावी सवारी साधन रोक्ने, पार्किङ गर्ने जस्ता कार्य गर्न पाईने छैन साथै सवारी साधन पूर्ण रुपमा रोकिएको अवस्थामा मात्र यात्रु चढाउने र ओराल्ने गर्नुपर्ने छ ।

(ञ) रात्रीकालीन यात्रा गर्दा बत्तीको सही सदुपयोग गर्नुपर्ने छ । अटो तथा ई (रिक्सा तीब्र गतीमा चलाउन र आफू खुशी सवारी साधनको स्वरुप परिवर्तन गर्ने जस्ता कार्य गर्न पाईने छैन ।

(ट) ट्राफिक नियम पालना गर्दै अनुशासित भई होशियारी पूर्वक अटो तथा इ (रिक्सा चलाउनु पर्नेछ।

## परिच्छेद-९
## यात्रु सुरक्षाः

**११. यात्रु सुरक्षाः**

यात्रु सुरक्षाका लागि प्रत्येक सवारी साधनमा निम्नानुसारका नियमहरु पालना गर्नु गराउनु पर्नेछः

(१) अटो तथा ई (रिक्साको देब्रे तर्फबाट यात्रु चढ्ने र झर्ने गर्न मिल्ने गरी अटो तथा ई रिक्साको डिजाइन तयार गर्नु पर्नेछ ।

(२) स्थान अनुसारको भाडादर उल्लेख गरी सवारी साधनमा सबैले देखिने गरी टाँस्नु पर्नेछ ।

(३) फोहोर राख्ने भाँडोको व्यवस्था गर्नुपर्ने छ ।

## परिच्छेद-१०
## विमा सम्बन्धी व्यवस्थाः

**१२. विमा सम्बन्धी व्यवस्थाः**

(१) सवारी धनी वा व्यवस्थापकले विमा वापत् को रसिद मात्र काटेको आधारमा दुर्घटना भएपछि विमा रकम नपाईने हुनाले अनिवार्य रुपमा सम्बन्धित विमा कम्पनीसँग सो रकम बराबरको विमा नीति वा प्रमाणपत्र लिनुपर्ने छ । कार्यालयमा विमा नीति सम्बन्धी कागजात पेश नगरेमा कार्यालयबाट सम्पादन हुने सवारी सम्बन्धी कुनै पनि सेवाहरु प्रदान गरिने छैन ।

(२) प्रत्येक सवारी साधनको प्रचलित कानुनले तोके बमोजिमको दुर्घटना विमा, मजदुर विमा र तेस्रो पक्ष विमा आदिको विमा गरेको हुनुपर्दछ ।

(३) बाटो इजाजत पत्र जारी गर्दा वा नवीकरण गर्दा उक्त सवारीको सम्बन्धित अभिलेखमा विमाको नाम र बहाल अवधि खुलाउनुपर्नेछ ।

## परिच्छेद-११
## जरिबाना सम्बन्धी व्यवस्थाः

**१३. जरिबाना सम्बन्धी व्यवस्थाः**

(१) यातायात कार्यालय र यस नगर कार्यपालिकाको कार्यालयको अनुमति वा स्वीकृति नलिई अटो तथा ई रिक्साको दर्ता तथा नवीकरण गर्दाको अवस्थाको मोडेलमा कुनै किसिमको हेरफेर (रङग, सिट, स्वरुप, इञ्जिन, च्यासिस) गर्न पाइने छैन र यसो गरेमा एकहजार देखि पाँचहजार रुपैया सम्म जरिवाना हुनेछ ।

(२) तपशिल बमोजिम कसुर गर्नेलाई ट्राफिक प्रहरीसँगको समन्वयमा कसुरको प्रकृति हेरेर प्रचलित नियमानुसारको कारबाही र नगद जरिवाना गरिनेछ।

*तपशिलः*

(क)ट्राफिक सङकेत वा इसारा उल्लङ्घन गरी सवारी चलाएमा।

(ख)पार्किङ निषेध गरिएको ठाउँ वा समयमा पार्किङ गरेमा,

(ग) सवारी मोड्न वा ध्वनी सङ्केत निषेध गरिएको ठाउँमा मोडेमा वा ध्वनी सङ्केत दिएमा,

(घ) गलत दिशातर्फ सवारी चलाएमा,

(ङ) एकतर्फी सडकको विपरित सवारी चलाएमा,

(च) प्राविधिक अवस्था ठिक नभएको सवारी चलाएमा,

(छ) निर्धारित गतिभन्दा बढी गतिमा सवारी चलाएमा,

(ज) रातको समयमा बत्ती नबाली सवारी चलाएमा,

(झ) मादक पदार्थ सेवन गरी सवारी चलाएमा,

(ञ) नम्बर प्लेट नराखी सवारी चलाएमा,

(ट) निर्धारित सिटभन्दा बढी यात्रु राखी चलाएमा,

(ठ) खाली सिट हुँदा हुँदै यात्री लिन इन्कार गरेमा,

(ड) निर्धारित भाडा दरभन्दा बढी भाडा लिई सवारी चलाएमा,

(ढ) लापरवाही ढंगले सवारी चलाएमा,

(ण) सवारी मोड्न वा ध्वनि सङकेत निषेध गरिएको ठाउँमा मोडेमा वा ध्वनि सङ्केत दिएमा,

(त) गलत दिशातर्फ सवारी चलाएमा,

(थ) एकतर्फी सडकको विपरित सवारी चलाएमा,

(द) प्राविधिक अवस्था ठीक नभएको सवारी चलाएमा,

(ध) निर्धारित गतिभन्दा बढी गतिमा सवारी चलाएमा,

(न) रातको समयमा बत्ती नबाली सवारी चलाएमा,

(ऩ) मादक पर्दाथ सेवन गरी सवारी चलाएमा,

(प) नम्बर प्लेट नराखी सवारी चलाएमा,

(फ) निर्धारित सिटभन्दा बढी यात्रु राखी चलाएमा,

(ब) खाली सिट हुँदा हुँदै यात्री लिन इन्कार गरेमा,

(भ) निर्धारित भाडा दरभन्दा बढी भाडा लिई सवारी चलाएमा,

(म) लापरवाही ढंगले सवारी चलाएमा,

(य) बाटो इजाजत पत्र नलिई सवारी चलाएमा,

(र) सवारी चालक अनुमतिपत्र साथमा नराखी सवारी चलाएमा।

## परिच्छेद-१२

## जाँचपास सम्बन्धी व्यवस्थाः

**१४. जाँचपास सम्बन्धी व्यवस्थाः**

(१) प्रत्येक अटो तथा ई (रिक्साले १(१ वर्षमा अनिवार्य रुपमा प्राविधिकबाट सवारी साधन जाँचपास गराएको प्रमाण पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम वार्षिक रुपमा सवारी साधनको जाँचपास गराउँदा जाँचपास अवधि सकिएको बढीमा१५ दिन भित्र जाँचपास गराउनु पर्ने छ।सो अवधि भित्र जाँचपास नगरेको पाइएमा नगर कार्यपालिकाको कार्यालयले यसरी जाँचपास नगराउने अटो तथा ई रिक्साको सञ्चालनमा रोक लगाई नगद रु. २,०००। सम्म जरिवाना लिन सक्नेछ।

(३) जाँचपास गर्न प्रचलित कानून तथा नगरपालिकाले तोकेको मापदण्ड पुरा भएको हुनुपर्नेछ।

## परिच्छेद- १३

## अनुगमनः

**१५. अनुगमनः**

नगरपालिका र ट्राफिक प्रहरीले समय समयमा यस कार्यविधिमा उल्लेखित नियम बमोजिम अटो तथा ई( रिक्सा सञ्चालन भएनभएको अनुगमन गर्न सक्नेछ।

## परिच्छेद- १४

## विविध

१६. विविध

१. यस कार्यविधिमा उल्लेख नभएका बिषयहरुको हकमा संघीय तथा प्रदेश सवारी तथा यातायात व्यवस्था सम्बन्धी ऐन नियम तथा अन्यप्रचलित कानून बमोजिम हुनेछ।

२. यस कार्यविधिमा उल्लेखित व्यवस्था संघ र वागमती प्रदेशको प्रचलित कानुनसँग बाझिन गएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ।

अनुसूची (१)

(दफा  ६ (१) र ७ (१) सँग सम्बन्धित)

**असवारी दर्ता तथा सञ्चालन अनुमति प्रमाणपत्रको ढाँचा**

## सूर्यविनायक नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, कटुञ्जे, भक्तपुर।

सूर्यविनायक नगरपालिकाको अटो, ईलेङ्क्ट्रीक रिक्सा तथा टेम्पो रुट ईजाजत सम्बन्धी कार्यविधि २०८१ को दफा ६ (१) र ७ (१) अनुसार देहाय बमोजिमको विवरण भएको अटो / ईलेङ्क्ट्रीक रिक्सा / टेम्पो दर्ता गरी यस सूर्यविनायक नगरपालिकाको क्षेत्रमा सञ्चालन गर्न यो अनुमति पत्र दिईएको छ।

सवारी दर्ता नः

सवारीको किसिमः

दर्ता मितिः

सवारी धनीको नामः

वतनः

सवारी धनीको हस्ताक्षरः

सवारी धनीको फोटो

दर्ता गर्ने अधिकारीको हस्ताक्षरः

नामसारी भएको

मितिः.......................................

सवारीधनीको फोटो

दर्ता गर्ने अधिकारीको हस्ताक्षरः

सवारी धनीकोः

नाम थरः............................

वतनः...............................

<u>सवारीको विस्तृत विवरणः</u>

१. कम्पनीको नामः
२. सवारीको मोडेलः
३. सिलिण्डर संख्याः
४. च्याचिस नम्बरः
५. ईन्जिन नम्बरः
६. सवारीको रङः
७. सिट क्षमता चालक सहितः
८. वजनः
९. रेडियो क्यासेट टेलिफोन आदि छ छैनः
१०. प्रयोगः
११. भन्सारको निस्साः
१२. कुन कम्पनी/संस्था वा ब्यक्तिबाट खरिद गरेको हो सो को नामः

**<u>प्रमाणपत्रको नवीकरण</u>**

| नविकरण गरेको मिति | नवीकरण कायम रहने मिति | नवीकरण गर्ने अधिकारीको सही |
|---|---|---|
| | | |

**सवारी जाँचेको**

| नविरण गरेको मिति | नवीकरण म्याद पुग्ने मिति | नवीकरण गर्ने अधिकारीको सही |
|---|---|---|
| | | |
| | | |

## अनुसूची २

(कार्यविधिको दफा ७ (३) संग सम्बन्धित)

**निवेदनको ढाँचा**

मितिः……………………………

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू

सूर्यविनायक नगरपालिका

नगर कार्यपालिकाको कार्यालय,

कटुञ्जे, भक्तपुर।

विषयः सवारी दर्ता, सञ्चालन अनुमति तथा रुट ईजाजत सम्वन्धमा।

सूर्यविनायक नगरपालिका भित्र यातायात सेवा सञ्चालनको लागि तपसिलको विवरण भएको सवारी साधनलाई दर्ता, अनुमति तथा रुट ईजाजत जारी गरी दिनु हुन अनुरोध छ।

सवारीको विवरणः

१. सवारी दर्ता नं.
२. सवारी धनीको नाम ठेगानाः
३. सवारी निर्माता कम्पनीको नामः
४. सवारीको मोडलः
५. सवारीको ईन्जिन नं.
६. सवारीको चेसिस नं.
७. यात्रु सिट संख्याः
८. सवारीको रङ

निवेदक

नामः……………………

ठेगानाः…………………..

सम्पर्क नं.…………………

अनुसूची ३

(कार्यविधिको दफा ७ (१) संग सम्बन्धित)

**स्थानीय रुट ईजाजत पत्रको ढाँचा**

# सूर्यविनायक नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय, कटुञ्जे, भक्तपुर।

स्थानीय रुट इजाजत पत्र

सूर्यविनायक नगरपलिककाको अटो / ईलेक्ट्रिक रिक्सा / टेम्पो रुट ईजाजत सम्बन्धी कार्यविधि, २०८१ को दफा ७ अनुसार रहने गरी तपसिलको विवरण भएको कम्पनीलाई सूर्यविनायक नगरपालिका क्षेत्रमा यातायात सेवा  सञ्चालन गर्न यो स्थानीय रुट ईजाजत जारी गरिएको छ।

१. रुट ईजाजत नम्वरः
२. सवारीको दर्ता नं.
३. सवारीको विवरणः
   (क) ईन्जिन नं.
   (ख) चेसिस नम्बरः
   (ग) सवारीको प्रकारः
   (घ) सवारीको मोडलः
   (ङ) यात्रु सिट क्षमताः
   (च) सवारीको रंङः
४. रुट ईजाजत क्षेत्रको विवरणः
५. सवारी धनीको नाम ठेगाना र सम्पर्क नं.

| सि.नं. | सवारी धनीको नाम | ठेगाना | सम्पर्क नम्वर |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

६.  रुट ईजाजत जारी गर्ने अधिकारीको:

(क)  नामः

(ख)  दस्तखत

(ग)  मितिः

(नोटः स्थानीय रुट इजाजत पत्रको नवीकरण पछिल्लो पानामा हुनेछ)

| सि.नं. | नवीकरण मिति | नवीकरण कायम रहने मिति | शुल्क बुझाएको विवरण | नविकरण गर्ने अधिकारीको हस्ताक्षर |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

प्रमाणीकरण मितिः २०८० कार्तिक ०९ गते

आज्ञाले,

(तारानाथ लुइटेल)

प्रमुख प्रशासकीय अधिकृत